२०२३ साल फेब्रुअरी ~ मार्च अंक ( जनवरीको अन्तीममा प्रकाशन )

खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

******************************************************************************

## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" सम्बन्धि



**२०२२ साल जनवरी १ तारिख देखि डिसेम्बेर ३१ तारिख** सम्म हुने १ बर्षको आय रकम (आम्दानी तथा खर्च) अनुसार आयकरको लेखा परीक्षण (हिसाब) गरि आय विवरण घोषणा गर्छौं।
स्वरोजगार, कृषि, एक भन्दा बढी व्यवसायमा लागेका व्यक्तिहरु आदिले आय विवरण घोषणा गर्नै पर्ने हुन्छ।
तलब लिएर काम गर्ने धैरे जस्तो व्यक्तिहरुले आय विवरण घोषणा गर्न आवश्यक छैन् । तर, तल उल्लेखित गरिएका निम्न व्यक्तिहरुले भने घोषणा गर्नै पर्नेहुन्छ।

- वार्षिक तलब २ करोड येन भन्दा बढी हुने व्यक्ति
- दुई भन्दा बढी ठाउँबाट तलब लिएर काम गर्ने गरेको व्यक्ति
- गृहनगरमा कर तिरेको व्यक्ति (वानस्टपको लागि आवेदन दिने व्यक्ति बाहेक), हाउसलोन लिएको पहिलो बर्ष, चिकित्सा खर्च कटौती प्राप्त गर्ने व्यक्ति आदि



भिसा नवीकरण तथा परिवर्तन गर्दा आय विवरण घोषणा गरेको कागजपत्रको प्रतिलिपि पेस गर्नु पर्ने पनि हुनसक्छ।
त्यसैले यसलाई सुरक्षित साथ राख्नुहोस्।
＊यदि तपाईंमा निर्भर रहिआएको तपाईंको आफ्नो देशमा बस्ने परिवार छ भने तपाईंले निर्भरता कटौती प्राप्त गर्न सक्नुहुनेछ।
यदि निर्भरता कटौती प्राप्त गर्नु भएको छैन् भने कमाई भएको व्यक्तिले पनि आय विवरण घोषणा गरि कर फिर्ती लिऔ।

**आवेदन दिने अवधि : <u>२०२३ साल फेब्रुअरी १६ (बिही) ~मार्च १५ (बुध)</u>**

**आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्दा आवश्यक पर्ने कुराहरु :**

१. आय विवरण घोषणा फाराम (कर कार्यालयमा राखिएको हुन्छ) ＊घोषणा फाराम आदिमा "माई नम्बर" लेख्नुपर्ने हुन्छ।
२. अघिल्लो वर्षको आय रकम थाहा हुने कागजपत्र (कर कटौती गरेको कागज वा पैसा तिरेको कागजपत्र)
३. "जाईरियु कार्ड" (जापानको बसाई दर्तापत्र)
४. निर्भरता कटौतीका लागि आवश्यक कागजपत्रहरु ( तपाईंमा निर्भर रहिआएको तपाईंको आफ्नो देशमा बस्ने परिवारको जन्मदर्ता प्रमाणपत्र र उक्त व्यक्तिको नाममा पैसा पठाएको कागजपत्र आदि )
५. स्वास्थ्य बीमा कटौतीको लागि आवश्यक कागजहरु (स्वास्थ्य बीमा कटौतीको प्रमाणपत्र)
६. चिकित्सा खर्च कटौती (बिलहरु) ७. छाप अथवा हस्ताक्षर आदि

| खावासाकी शहरमा आवेदन लिने कार्यालय: | सम्पर्क गर्ने ठाउँ | तपाइँ बस्ने वडा |
|---|---|---|
| खावासाकी उत्तरी कर कार्यालय | २-४-३ हिसामोतो, ताकाचु वडा, खावासाकी (044-852-3221) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी पश्चिमी कर कार्यालय | १-३-१४ खामीआसो, आसो वडा, खावासाकी (044-965-4911) | तामा वडा र आसो वडा |
| खावासाकी दक्षिणी कर कार्यालय | ३-१८ एनोकिच्यो, खावासाकी वडा, खावासाकी (044-222-7531) | खावासाकी वडा र साईवाई वडा |

◆ राष्ट्रिय कर एजेन्सीको होमपेजमा अंग्रेजीमा जानकारी उपलब्ध छ।
Information about Income Tax https://www.nta.go.jp/english/taxes/individual/12011.htm

◆ विदेशीहरुको लागि आय विवरण घोषणा आवेदन बनाउने कर्नर र भर्ने तरिका (सजिलो तरिका) २०२२
https://www.nta.go.jp/taxes/shiraberu/shinkoku/tebiki/2022/foreinggner/index..htm
अंग्रेजी, चिनियाँ, पोर्चुगिज, भियतनामी,नेपाली भाषामा व्याख्या गरिएको छ।

---

## विदेशी नागरिकहरु संगै गरिने आपतकालीन अभ्यास

नाकाहारा दमकल विभाग र शहरी संघको सहकार्यमा विदेशी र जापानी नागरिक संगै मिलेर आपतकालीन प्रशिक्षण अभ्यास गरिनेछ।

【दिन र समय】 **२०२३ साल फेब्रुअरी २८ (मंगल) १०:१५~११:५०**
【स्थान】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको प्रवेशद्वार अगाडिको आँगन
【विषय】 「भूकम्प कार」 मा ठूलो भूकम्पको अनुभव गर्ने आदि
【लाग्ने शुल्क】 नि:शुल्क
【आवेदन】 चाहिदैनँ
【सम्पर्क】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
फोन (044—435-7000) 、केन्द्रमा पाल्नुहोला、ई-मेल (kiankawasaki@kian.or.jp)



उपहार स्वरुप आपतकालीन खाना दिईनेछ !

# २०२३ साल जनवरी ～ मार्च सम्म सेन्टरमा हुने कार्यक्रम

| कक्षा • कार्यक्रम | दिन र समय | सहभागिता | सारांश |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा  **जापानिज भाषा** ※ZOOM बाट ओन्लाइन क्लास हुने सम्भावना छ। | बिहानको कक्षा (प्रत्येक मंगलबार र शुक्रबार) जनवरी १० ～ मार्च ७ ९:५० ～ ११:५० बिस्तृत जानकारीको लागि सोध्नुहोला। | ९,३५० येन (१७ पटक) पाठ्यक्रमको शुल्क अलगै लाग्ने | शुरु देखि (हीरागाना देखि) माथिल्लो तह सम्मको ९ देखि ११ वटा कक्षा छ। बिहानको कक्षामा बच्चा हेरिदिने (१ वर्ष भन्दा माथिको) सुविधा छ। धमाधम आवेदन लिदै ! कृपया फोटो एक प्रति (3X4cm को) लिएर आउनुहोस् । |
| | रातिको कक्षा (प्रत्येक बुधबार) जनवरी ११ ～ मार्च ८ १८:३० ～ २०:३० बिस्तृत जानकारीको लागि सोध्नुहोला। | ४,९५० येन (९ पटक) पाठ्यक्रमको शुल्क अलगै लाग्ने | |
| खावासाकी अन्तर्राष्ट्रिय अन्तरक्रिया अन्तर्गत निजी संस्थाको सानो विनिमय बैठक लाना हवाइअन किल्ट | फेब्रुअरी ११ (शनि • छुट्टीको दिन) १३:०० ～ १५:०० | नि:शुल्क मात्र ३० जना सम्म आवेदन फारामको लागि HP, फोन र केन्द्रमा आएर आवेदन दिन सकिन्छ। खाली भएमा सोहि दिन पनि आवेदन लिईन्छ। | हवाईको इतिहास तथा किल्टको कुरा र किल्टको प्रदर्शनी गरिनेछ। पुअरिरिआ सिन्सिरो द्वारा हुला डान्स शो र ओरिगामीको लेई (फूलको माला) बनाउने सिक्न सक्नुहुन्छ। |
| विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा〝तेराकोया〞  | फेब्रुअरी ४, ११, २५ तारिख मार्च ४, ११, १८, २५ तारिख शनिबार बिहान १०:०० – ११:०० (तालिका अनुसार) | नि:शुल्क आवेदन दिनु पर्ने (अभिभावकले पुर्याउन र लिन आउनु पर्ने) | जापानिज भाषा राम्ररी नआएर विद्यालयको पढाईमा समस्या परेको विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको लागि, जापानिज भाषा तथा विद्यालयको पढाईमा सहयोग गर्ने कक्षा हो। |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको लागि अंग्रेजी A बच्चाहरुको लागि अंग्रेजी B बच्चाहरुको लागि स्पेनिश  | मार्च २८ तारिख (मंगलबार) देखि ३० तारिख (बिहिबार) सम्म अंग्रेजी A १३:०० ～ १४:०० अंग्रेजी B १४:३० ～ १५:३० स्पेनिश १०:३० ～ ११:३० | ३,३०० येन (पाठ्यक्रमको शुल्क सहित) फेब्रुअरी बाट होमपेज बाट आवेदन दिन सकिन्छ। | विदेशी शिक्षकहरु सँग बच्चाहरुको लागि अंग्रेजी A (प्राथमिक कक्षा १ र २) बच्चाहरुको लागि अंग्रेजी B (प्राथमिक कक्षा ३ र ४) बच्चाहरुको लागि स्पेनिश (प्राथमिक कक्षा १ देखि ५ सम्म) सिकौं। |
| ग्लोबल सिटिजन कोर्स 「फरक छ, त्यसैले रोचक छ! ～बहुसांस्कृतिक सहअस्तित्वमा हाम्रो अवधारणा～ 」 | मार्च १८ (शनि) १४:०० ～ १६:०० | नि:शुल्क १५० जना सम्म फेब्रुअरी १५ (बुध) को १० बजे बाट आवेदन फारामको लागि HP या केन्द्रमा आएर आवेदन दिन सकिन्छ। पहिलो आउनेलाई प्राथमिकता दिईनेछ र सीट खाली भएको खण्डमा सोहि दिन पनि आवेदन दिन सकिन्छ। | शिक्षक द आर्ट प्रोजेक्ट बहुसांस्कृतिक कथा-कथन समूह प्रतिनिधि : नोरिको मिसावा |

＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊＊

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)**

**ZOOM प्रयोग गरेर अनलाइन परामर्श शुरु भएको छ !**

होमपेज बाट रिज़र्भेसन राख्नुहोला

परामर्श सेवाको समय **९ :०० -१७ :०० (खाजा ब्रेकको समय पनि सेवा उपलब्ध छ)**

परामर्श सेवाको प्रत्यक्ष फोन नं. **044-455-8811**

**सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।**

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*ओन्लाइन परामर्शको लागि निवेदन*

*खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको होमपेज*

＊ ***प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा*** (जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने)

दिन र समय : २०२३ साल फेब्रुअरी १९ (आइत) मार्च १९ (आइत ) १४:०० ～१६:००

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा